NJ: NUTA

# 'पहाडी जीवन' निबन्धको विश्लेषणात्मक अध्ययन

**दावा शेर्पा[१], डम्बरबहादुर पुन[२] र कृष्णराज ढकाल[३]**
[१]नेपाली शिक्षा विभाग, महेन्द्ररत्न क्याम्पस, त्रिभुवन विश्वविद्यालय
[२]अनुगमन निर्देशनालय, त्रिभुवन विश्वविद्यालय
[३]नेपाली शिक्षा विभाग, महेन्द्ररत्न क्याम्पस, त्रिभुवन विश्वविद्यालय
**इमेल :** sherpadawa2023@ gmail.com dambarpun06@gmail.com
**DOI:** https://doi.org/10.3126/nutaj.v11i1-2.77030

**लेखसार**

प्रस्तुत लेख उद्देश्यमूलक गुणात्मक ढाँचामा तयार गरिएको छ । 'पहाडी जीवन' स्वच्छन्दतावादी प्रवृत्तिमा लेखिएको छ । यसमा पहाडमा बस्ने शेर्पा, भोटे र तामाङ तथा मध्यपहाडमा बस्ने ब्राह्मण जातिका भेषभूषा, संस्कृति र कृषि पेसाको वर्णन गरिएको छ । उच्च पहाडमा ऋतु परिवर्तनसँगै हिउँ र तुषारो पर्ने हुँदा मनुष्य चरोझैं कहिले लेक-बेसी गर्छन् । पहाड भन्नु नै कठिनाइको प्रतीक जहाँ सिस्नु र मकैबाहेक अन्य उत्पादन हुँदैन भने समाजको नाममा चारजना जुट्न पनि कठिन छ । पोषणतत्त्वको अभावमा केटाकेटी दुब्ला, मरञ्च्याँसे र नाङ्गो शरीर लिएर बाँच्नु परेको छ । खाद्यान्नमा सिस्नु र ढिँडोको भरमा जीवन गुजार्ने गर्दछन् । पुरुषभन्दा स्त्रीहरू राम्रा, हँसिलो चेहराका, घिउ-घिउ गन्हाउने, भोटे गीत र मुरलीको तालमा कोरस नृत्यमा रमाउने मङ्गोलहरू झिल्टुङका आर्यहरूभन्दा गरिब छन् । आर्यहरूका एकतले ढुङ्गाका घरहरू र खरका छाना, झ्याल, ढोकामा बुट्टा काट्ने र रातो माटोले पोतिएका छन् । भिराला खेतबारीमा केरा, सुन्तला, भोगटे र लिचीका बोटहरू र गोठमा गाई, भैंसी, गोरु तथा कतै भेडा र बाख्रीहरू पाल्ने र आठ दश वर्षका केटाकेटी पढ्नभन्दा गोठालो जाने गर्छन् । पुरुषहरू कोराका भोटा, धोती, पटुका बाँध्ने र सेतो टोपी लगाउँछन् भने स्वास्नी मानिस छिटका रातो साडी, एकआँठे कपाल बाट्ने, काम गर्दा घुडासम्म फरिया उचालिने गरी पटुका बाँध्ने, डोका बोकेर घाँस काट्ने र वस्तुभाउ पाल्ने गरेका छन् । निबन्धले पूर्वमेचीदेखि पश्चिम महाकालीसम्मका सबै पहाडी नेपालीहरूका दिनचर्यालाई प्रतिनिधित्व गरेको छ ।

*शब्दकुञ्जी :* आत्मप्रकाशन, गोसाईथान, घर्घराहट, छिटको सारी, मोन्तेन, टेबिल-गफ, स्वच्छन्दतावाद

## विषय प्रवेश

निबन्ध मूलतः लेख्यपाठ्य विधा हो । भाषिक प्रौढताका दृष्टिले निबन्ध सबैभन्दा प्रौढ गद्यात्मक अभिव्यक्ति हो । त्यसैले लेख्य भाषाको प्रौढतासँग परिचित हुन र तत्सम्बन्धी कुरामा अभ्यस्त हुन यसलाई उपयोगी बनाइन्छ (अधिकारी, २०५९, पृ. १८७) । लक्ष्मीप्रसाद देवकोटा नेपाली साहित्यका महान् व्यक्तित्व हुन् । उनी आफ्नो समय र समाजका प्रबुद्ध र मूर्धन्य व्यक्ति थिए । निबन्धकार देवकोटाको जन्म (वि.सं. १९६६–२०१६) भएको हो । उनका 'लक्ष्मी निबन्ध सङ्ग्रह' मा सङ्ग्रहित ३७ वटा निबन्धहरूमा 'पहाडी जीवन' पनि एक रहेको छ । 'लक्ष्मी निबन्ध

सङ्ग्रह' २००२ सालमा प्रकाशित भएको हो (प्रधान, २०५२, पृ. ५०४)। साहित्यका प्रमुख विधामध्ये 'निबन्ध' छोटोछरितो गद्यविधा हो । निबन्ध एक प्रकारको कुरागराइ हो ; मनमा भएका कुरालाई लिखित रूपमा व्यक्त गरिन्छ (शर्मा, २०५५, पृ. १) । त्यसैले यो एक रोचक र आकर्षक विधामा पर्दछ । यसको विकासमा पश्चिमी साहित्यको महत्त्वपूर्ण देन रहेको छ । अङ्ग्रेजी साहित्यमा 'एसे' को पर्यावाची शब्दका रूपमा नेपालीमा 'निबन्ध' हुन्छ । यसका जन्मदाता फ्रान्सेली निबन्धकार मोन्तेत्र हुन् । उनले निबन्धको परिभाषा दिँदै भनेका छन्–"निबन्ध एक प्रकारको आत्मप्रकाशनको प्रयत्न हो (शर्मा, २०५५, पृ. ३) ।" निबन्धको जन्म फ्रान्स र बेलायतमा ईस्वीको सोह्रौँ शताब्दीको उत्तरार्द्धमा भएको थियो । यसको श्रेय फ्रान्सका मोन्तेत्र र बेलायतका बेकनलाई जान्छ ( थापा, २०५०, पृ. १८५) । निबन्धको अर्थ नजिक बाँधेर राख्नु भन्ने हुन्छ । 'बन्ध' आधारपदमा 'नि' उपसर्ग लागी बनेको 'निबन्ध' शब्दले भाव वा विचारलाई दरिलो र कसिलो शैलीमा बाँधेर राख्ने रचनालाई बोध गराउँछ (शर्मा र पौडेल २०६०, पृ. १९३) । मोन्तेत्रले निबन्धलाई अहंको अभिव्यक्तिका रूपमा लिएका छन् भने बेकनले "छरिएका चिन्तनको प्रस्तुति भनेका छन् ।" उनले यसलाई विशृङ्खलित चिन्तनको रूपमा लिएका छन् । मोन्तेत्र निजात्मक र बेकन परात्मक निबन्धका प्रणेता हुन् । जोन्सन (सन् १७०९-१७८४) ले निबन्धको परिभाषा गर्दै भनेका छन्– "निबन्ध भनेको मनको उन्मुक्त विचरण हो । यो त्यस्तो अनियमित र अपरिक्व रचना हो, जसमा कुनै नियम वा क्रम रहँदैन (शर्मा, २०५५, पृ. ३) ।" गुराल्निकको शब्दमा वैयक्तिक दृष्टिले वा सीमित रूपमा कुनै विषयलाई व्याख्यात्मक र विश्लेषणात्मक रूपमा प्रस्तुत गरिएको छोटो साहित्यिक रचनाविशेष नै निबन्ध हो (गुराल्निक, सन् १९७०) । निबन्धको बारेमा देवकाटाले लक्ष्मी निबन्ध सङ्ग्रहको भूमिकामा यस्तो भनेका छन् : "यो टेबिल गफ हो, चश्मादार अध्यापकको व्याख्यान होइन, न त वमन-वेदान्त (लक्ष्मी निबन्ध सङ्ग्रह २०२४) ।" नेपाली साहित्यमा मोन्तेत्रको आत्मपरक निबन्ध लेखनको शैली पछ्याउने लेखकहरूमा लक्ष्मीप्रसाद देवकोटा, हृदयचन्द्रसिंह प्रधान र शङ्कर लामिाछाने हुन् भने बेकनको विषयपर निबन्ध लेखनमा योगदान दिने निबन्धकारहरूमा भीमनिधि तिवारी र बदरीनाथ भट्टाराई रहेका छन् ।

देवकोटाले नेपाली साहित्यका अनेक विधा कथा, निबन्ध, कवितामा लघु रूपमा (फुटकर कविता), उपन्यास, नाटक, मझौला रूपका खण्डकाव्य) र बृहत् रूपका (महाकाव्य) समेत लेखेका हुनाले उनलाई महाकवि भनिन्छ (त्रिपाठी र अन्य, २०५४, पृ. १८२) । लक्ष्मीप्रसाद देवकोटा नेपाली भाषासाहित्यलाई परिष्कार, विस्तृत र महिमाशाली तुल्याउने महान् व्यक्ति हुन् । उनले निबन्धको माध्यमबाट नेपाली समाजमा रहेका विविध पक्षका सामाजिक परम्परा र जातीय सद्भावका साथ भाषा, साहित्य, शिक्षा, राष्ट्रियता र ग्रामीण समाजका पेसा, व्यवसायका विविध पक्षका पर्यावलोकन गरेका छन् । 'पहाडी जीवन' देवकोटाको आत्माभिव्यक्तिप्रधान निबन्ध हो । काठमाडौँ सहरमा जन्मेका देवकोटालाई 'पहाडी जीवन' हेर्न खुब चाख थियो । उनले गोसाइँकुण्ड यात्रामा पहाडहरू देखेका थिए तर वास्तविक 'पहाडी जीवन' देखेनन् । गोसाईथानयात्राले मात्र 'पहाडी जीवन' को राम्ररी अनुभव पाउन सकेनन् किनभने यो यात्रा ठिमिले तवरको थियो । उनलाई पहाडी जीवनको राम्रो परिचय फिल्टुङले मात्र दियो (पहाडी जीवन पृ. ११) । गोसाईथानयात्रा र फिल्टुङमा उनले प्राप्त गरेका पहाडी जीवनका अनुभव र अनुभूति तथा त्यहाँका मानिसहरूले भोग्नु परेका वास्तविक जीवनदृष्टभुक्त प्रसङ्गको यथार्थलाई आफ्नो यात्रानुभव र आत्मप्रकाशनका मूल तत्त्व बनाएका छन् । उनले 'पहाडी जीवन' निबन्धमा पहाडी क्षेत्रमा बसोबास गर्ने शेर्पा र तामाङ जातिका मानिसहरू विकट ठाउँमा बसोबास गरेका देखे भने बाह्मण, क्षेत्री जातिका समाज अलिक खेती योग्य क्षेत्र फिल्टुङजस्ता पहाडमा बसोबास गर्ने पाएका छन् । यसैलाई विषय बनाएर पहाडी क्षेत्रमा बसोबास गर्ने मानसिहरूका जीवनको वास्तविक यथार्थ र वस्तुगत रूपमा अध्ययन गर्नु नै प्रस्तुत शोध लेखको प्राज्ञिक विषय रहेको छ ।

प्रस्तुत लेखमा नेपालको पहाडी क्षेत्रमा बसोबास गर्ने शेर्पा, तामाङ र ब्राह्मण जातिका धर्म, पेसा, व्यवसाय, सांस्कृतिक रहनसहनलाई वस्तुगत र यथार्थ रूपमा वर्णनात्मक रूपमा प्रस्तुति गर्नु नै यसको विषय रहेको छ । समाज र भाषाका कारणले प्रत्येक मानिसले संसारलाई हेर्ने आफ्नो धारण र दृष्टिमा भिन्नता हुन्छ । मानिसले समाज, सांस्कृतिक तथा भाषिक संरचनाका आधारमा संसारलाई हेर्ने र बुझ्ने गर्दछ । यसैले संसारमा जन्म लिएका कुनै पनि मानिसले संसारप्रतिको ज्ञानलाई भाषाद्वारा नै निर्धारण गरेको हुन्छ, (लयोन्स, सन् १९८१, पृ. ४०५) । यसको तात्पर्य हामी हाम्रो वरिपरिको संसारलाई भाषाका माध्यमबाटै चिन्दछौं । पहाडी जीवन निबन्धमा निबन्धकारले नेपाली समाजमा सोझा सिधा जातिका रूपमा चिनिएका शेर्पाहरूको प्रधानवृत्ति खेतीपाती भएको उल्लेख गर्दै झिल्टुङका बाहुनहरूका कृषिप्रधान जीवनवृत्ति दर्साएका छन् । 'पहाडी जीवन' निबन्धमा निबन्धकार देवकाटाले राजधानी काठमाडौँ उपत्यका र पहाडी भेगमा बसोबास गर्ने जनताको जीवनशैलीमा आकास पातलको भिन्नता देखाएका छन् । निबन्धकार सुविधा सम्पन्न काठमाडौँ सहरमा जन्मेकाले 'पहाडी जीवन' निबन्धमा त्यहाँका मानिसले भोग्नु परेका दुःख, कष्ट र पीडालाई पनि सहज रूपमा लिएका छन् । निबन्धकार देवकोटाले गाउँले जीवनका यथार्थता र कष्टकार जीवनशैलीको भोगाइ तथा शिक्षा, स्वास्थ्य, आर्थिक र सामाजिक पक्षका बारेमा आफ्नो आत्माभिव्यक्ति दिएका छन् । प्रस्तुत 'पहाडी जीवन' शोध लेखको निबन्धमा त्यहाँ बसोबास गर्ने समाजका मानिसहरूले भोग्नु परेका जीवन सङ्घर्षका यथार्थता र वास्तविक जीवन भोगाइलाई प्रस्ट पार्नु नै लेखको प्राज्ञिक विषय रहेको छ ।

## समस्याकथन

प्रस्तुत 'पहाडी जीवन' निबन्धको विश्लेषणात्मक अध्ययनमा पहाडी क्षेत्रका शेर्पा, तामाङ र भोटे तथा ब्राह्मण जातिका सामाजिक, संस्कृतिक रहनसहन, भेषभूषा, पेसा र कृषिजन्य जीवनवृत्तिमा उनीहरूले के कस्ता कठिनाइ र बाध्यकारी प्राकृतिक सामञ्जस्यता र सामीप्यता गर्नु परेको छ ? भनी उठेका प्रश्नहरूको पर्यवलोकन गर्नु नै यसको समस्याकथन हो । 'पहाडी जीवन' निबन्धका आधारमा पहाडी क्षेत्रका मानिसहरूले केकस्ता खालका समस्याहरू भोग्दै जीवनयापन गर्नु परेको छ ? ती समस्याहरूसँग सम्बन्धित वस्तुगत र यथार्थ अध्ययन गर्नु नै यसको प्राज्ञिक समस्या रहेको छ ।

## उद्देश्य

प्रस्तुत 'पहाडी जीवन' निबन्धको विश्लेषणात्मक अध्ययनमा पहाडी क्षेत्रका शेर्पा, तामाङ, र भोटे तथा ब्राह्मण जातिका सामाजिक, सांस्कृतिक रहनसहन, भेषभूषा, पेसा र कृषिजन्य जीवनवृत्तिको अध्ययन गर्नु रहेको छ । उच्च पहाड र त्यहाँका मानिसले भोग्नु परेका कष्टकर जीवनशैली, शिक्षा, स्वास्थ्यजस्ता आधारभूत आवश्यकताको अभाव, बाध्यकारी प्राकृतिक सामञ्जस्यता र सामीप्यता माथि उठेका प्रश्नहरूको समस्याको समाधान गर्नु नै प्रस्तुत लेखको प्राज्ञिक उद्देश्य रहेको छ । 'पहाडी जीवन' निबन्धमा पहाडी क्षेत्रका जातजाति र त्यहाँ बसोबास गर्ने समाजका मानिसहरूले केकस्ता खालका समस्याहरू भोग्नु परेको छ ? ती समस्याहरूमाथि उठेका प्रश्नहरूको समाधानमा केन्द्रित गरी वर्णनात्मक रूपमा प्रस्तुत गर्नु नै प्रस्तुत लेखको प्राज्ञिक उद्देश्य रहेको छ ।

## अध्ययनको औचित्य

'पहाडी जीवन' निबन्धमा ग्रामीण समाजमा बसोबास गर्ने शेर्पा, तामाङ, भोटे र ब्राह्मण जातिका सांस्कृतिक रहनसहन, पेसा र कृषिजस्ता जीवनवृत्तिका विविध पक्षको आफ्नै मौलिक ढाँचा बनाई निबन्धको विश्लेषण गरिएको छ । प्रस्तुत कृतिमा तत्कालीन नेपाली समाजका उच्च पहाडी क्षेत्रमा बसोबास गर्ने सोझा सिधा शेर्पा, तामाङ र भोटे जातिहरू र पहाडीय बाहुन जातिहरूले अपनाएका जीवनशैली र पेसा, व्यवसाय तथा ग्रामीण

समाजको विश्लेषण गरिएको छ । 'पहाडी जीवन' निबन्धको विश्लेषणात्मक अध्ययनमा त्यहाँका मानिसमा शिक्षा, स्वास्थ्य र आधुनिक जीवनशैलीको अभावमा पनि स्वच्छ मन र पवित्र कृषिजन्य पेसा र प्राकृतिक जीवनशैलीले उनीहरू खुसी र सन्तुष्ट रहेका छन् । त्यसैले स्वच्छन्दतावादी प्रवृत्तिमा लेखिएको 'पहाडी जीवन' निबन्धको कृति विश्लेषण एक महत्त्वपूर्ण अध्ययन बनेको छ । तसर्थः 'पहाडी जीवन' निबन्धको विश्लेषणात्मक अध्ययनमा चयन गरिएका पहाडी समाजका जीवनशैली र पेसा, व्यवसाय, संस्कृति रहनसहन, प्राकृतिक सुन्दरताजस्ता पक्षबाट प्राप्त हुने ज्ञान तथा भाषिक सिपजस्ता सम्बद्ध विषयमा जिज्ञासा राख्ने अध्येता तथा शोधार्थी र अध्यापनमा संलग्न शिक्षक तथा शिक्षार्थीहरूका निम्ति समेत यो अध्ययन उपयोगी र औचित्यपूर्ण रहेको छ ।

## अध्ययन विधि र प्रक्रिया

प्रस्तुत लेख गुणात्मक अनुसन्धानको ढाँचामा तयार गरिएको छ। यो लेखसँग सम्बद्ध मुख्य सामग्री लक्ष्मीप्रसाद देवकोटाद्वारा लिखित 'लक्ष्मी निबन्ध सङ्ग्रह' (२०७९) रहेको छ । यस लेखको तथ्याङ्क सङ्कलनमा उद्देश्यमूलक गुणात्मक विधिको उपयोग गरिएको छ (न्युनान, सन् २०१०, पृ. १) प्रस्तुत लेखका प्राथमिक स्रोतका तथ्याङ्कको व्याख्या विश्लेषण गर्न द्वितीयक स्रोतका सामग्रीका रूपमा नेपाली भाषा र साहित्यसँग सम्बद्ध भएका निबन्धको अनुसन्धान समेतलाई अध्ययन गरी तथ्याङ्कको व्याख्या विश्लेषण गरी प्रस्तुतिमा वर्णनात्मक विधिको उपयोग गरिएको छ । यस लेखमा 'लक्ष्मी निबन्ध सङ्ग्रह' मा सङ्ग्रहित ३७ वटा निबन्धमध्ये 'पहाडी जीवन' निबन्धको समग्र पक्षको अध्ययन तथा खोज गरी तिनको तथ्यपरक व्याख्या-विश्लेषण गरी निष्कर्ष निकालिएको छ ।

## नतिजा तथा छलफल

'पहाडी जीवन' निबन्ध स्वच्छन्दतावादी प्रवृत्तिमा लेखिएको छ । स्वच्छन्दतावादका जन्मदाताका रूपमा फ्रान्सेली राज्यक्रान्ति (सन् १९८९) का जनक रुसोलाई मानिन्छ (भण्डारी र पौडेल, २०६१, पृ. १९८) । वर्तमान सन्दर्भमा काल्पनिकता, रहस्यमयता, चित्रमयता, साहसिकता र वीरता जस्ता गुणले युक्त मानवहृदयका भावनालाई उद्वेलित तुल्याउने व्यक्ति, विषय वा वस्तुप्रसङ्ग नै 'रोमान्टिक' वा 'स्वच्छन्दतावाद' हो । देवकोटा नेपाली साहित्यमा अङ्ग्रेजी रोमान्टिक काव्यधारा प्रवर्तन गर्ने महान् साहित्यकार हुन् । उनका निबन्धहरू रोमान्टिक परिपाटीमा लेखिएका हुन्छन् । निबन्धभरि रोमान्टिक अभिव्यक्ति र रोमान्टिक मान्यताहरू पाइन्छन् । रोमान्टिक कविहरू मानवीय कल्पनालाई मुख्य र दिव्य दृष्टिका साथ काव्यमा कल्पनालाई सर्वोच्च स्थान दिन्छन् । ब्लेक भन्थे : "कल्पनाको जगत् अनन्त र शाश्वत छ । यसको विपरीत भौतिक जगत् सीमित र नश्वर छ" (प्रधान, २०५२, पृ. ५०५) । 'पहाडी जीवन' निबन्धमा देवकोटाले यसै कुराको सन्देश दिएका छन् । उनका 'पहाडी जीवन' निबन्ध साहित्यमा आन्तरिक प्रेरणा, सहज अनुभूति, प्रतिभा चेतना, काल्पनिकता र अवचेतन मनको प्रबलता सशक्त देखाएका छन् । स्वच्छन्दतावादी साहित्यकारहरूका प्रमुख प्रवृत्ति पनि यिनै हुन् । नेपाललाई 'चारजात छत्तिस वर्णको फूलबारी भनिन्छ ।' वि.सं. २०७८ सालको राष्ट्रिय जनगणनाले नेपालमा विभन्नि प्राकृतिक तथा भौगोलिक क्षेत्रमा बसोबास गर्ने १४२ जातजातिका आ-आफ्नै रहनसहन, भेषभूषा, पेसा, व्यवसाय, धर्म र संस्कृतिका साथै १२४ वटा आआफ्नै मातृभाषा तथा दोस्रो भाषा रूपमा नेपाली बोल्नेहरूको देश हो (राष्ट्रिय जनगणना, २०७८, पृ. ८) । त्यसैले 'पहाडी जीवन' निबन्धमा देवकोटाले पहाडी क्षेत्रमा बसोबास गर्ने जातजातिका, भाषा, धर्म, संस्कृति, भेषभूषा र पेसा तथा व्यवसायजस्ता आर्य र मङ्गोल समाजले अँगालेका प्राकृतिक जीवनशैलीका पक्षलाई निबन्धका माध्यमबाट आफ्नो दृष्टिकोण प्रस्तुत गरेका छन् । निबन्धमा पहाडी क्षेत्रका प्राकृतिक सुन्दरता र त्यहाँका पर्यवरण सहरको भन्दा राम्रो रहेको महिमा प्रस्तुत गरिएको छ । काठमाडौँ सहरमा जन्मेका देवकोटाले सहरी समाजभन्दा ग्रामीण समाजका अध्ययनमा विशेष रुचि देखाएका छन् । ग्रामीण

समाज विविध अवस्थाको द्योतक हो । पहाड र तराईका अनेकौं गाउँहरूले भरिएको हाम्रो देश नेपालको सिङ्गो राष्ट्रिय संस्कृतिको निर्माणमा गाउँले जीवनका रहनसहन, धर्मसंस्कृति, सभ्यता र उत्सवहरूको महत्त्वपूर्ण भूमिका रहेको छ (अर्याल, २०५७, पृ. १७४) ।

यसैगरी राजनारायण प्रधान (२०५२) ले 'लक्ष्मी निबन्धसङ्ग्रह' को समालोचना गर्दै लेखेका छन् : "वड्सवर्थका निम्ति ग्राम्य र साधारणिक जीवनका घटनाहरू नै काव्यका उपयुक्त सामग्री बन्नसक्थे । यी ग्राम निवासीहरू प्रकृतिको सम्पर्कमा जीवन यापन गर्छन्; यसर्थ तिनीहरूको भावना दूषित वा कलुषित हुँदैन । वड्सवर्थको विश्वास थियो साधारण अथवा ग्राम्य जीवनकै अवस्थामा मानव हृदयका भावनाहरूले आफ्नो विकासका निम्ति उचित भूमि पाउँछन् ।" रूसो भन्छन्– "प्राकृत रूपमा प्रत्येक वस्तु राम्रो हुन्छ तर मानिसले न त्यसलाई बिगार्छन् । मानिसका जन्मजात प्रवृत्तिहरू अत्यन्त राम्रा हुन्छन् तर यी सभ्यताका कृत्रिम वातावरणमा पोषित भएर विकृत हुन्छन् । प्रकृतिदेखि विच्छेद नै समस्त क्लेशको कारण हो, विशुद्ध मानवहृदय हामी ग्राम्य जीवनमा पाउँछौं, जहाँ मानिस सभ्य जीवनका जटिलता र कृत्रिमतादेखि अपरिचित हुन्छन् ।"...देवकोटामा पनि हामी 'ग्राम्य जीवन, पहाडी जीवनप्रति उत्कट मोह देख्छौं । पहाडमा सहरको जस्तो झिलीमिली छैन, न घर्घराहट, जसले मानवताका कलपूर्जाहरू घर्घराउँदै धर्धराउँदै जीवनको प्राकृतिक आर्यपना खलबल्याउँछ ; जहाँ कृत्रिता छैन, जसले मनुष्य आत्मउपर अत्याचार गर्दछ, जीवन प्राकृतिक छ (प्रधान, २०५२, पृ. ५०६) ।'

देवकोटाले गोसाईंथान यात्रामा पहाडहरू देखेका थिए तर पहाडी जीवन देखेका थिएनन् । 'उनले बाटामा जो देखियो सो प्रतिबिम्बित थिएन । एक दुई झुप्रा, एक दुई बजार, अरू वन, पहाड, बाटोसिवाय केही देखेनन् । उच्च पहाडी क्षेत्रमा हिउँ र तुसाराले गर्दा मनुष्य चरोझैं कहिले लेक-बेसी गर्छन्, जहाँ हिउँदमा खालि तुसाराको निष्कण्टक राज्य मात्र रहने रहेछ (पहाडी जीवन, पृ. ६) ।' 'घरको नाममा चार घोचा र सुकेको झारको दुईचार महिने छत हुन्छ, जहाँ समाजको नाममा चार जनाको जुटाइसिवाय अरू केही छैन (पहाडी जीवन पृ. ६) ।' सादा जीवन, स्वच्छ विचार, सीमित आवश्यकता र श्रमशील जीवन यापन गर्ने पहाडी समुदायमा अनेकौं कठिनाइ र समस्याहरू विद्यमान छन् (अर्याल, २०५७, पृ. १७४) । अन्नपातका नाममा सिस्नु र ढिँडो खानु उनीहरूका बाध्यता हो, जहाँ पृथ्वी माताले करबलले सिस्नु र मकै दिने गर्दछ । आमाले झुपडीमा बच्चा र केटाकेटीलाई उसिनेको सिस्नासँग ढिँडो मात्र ख्वाउने गर्दा पोषण तत्त्वको अभावले केटाकेटीहरू दुब्ला, ख्याउटे र मरन्च्याँसे देखिन्छन् । अज्ञानता, अशिक्षित तथा जङ्गलीपन पहाडी जीवनका दीनदशा नै हुन् । यति उच्च पहाडमा पनि मनुष्य सरुवा डुलुवा जीवन लिँदै घाम र न्यानो हावाको खोजीमा हिँडिरहेकै छन् । शिक्षा र स्वास्थ्यजस्ता आधारभूत आवश्यकता आधुनिक जीवनशैलीले उनीहरूलाई छोएकै छैन जीवन प्राकृतिक रहेको छ, जहाँ जीवन धुलोमा उम्रिन्छ र छोटो वसन्तभरि धुलोमा लटपटिएर फुल्दछ र आखिरमा धुलोमा मिल्दछ, जहाँ खानु, खोस्रनुभन्दा ठुलो समस्या छैन (पहाडी जीवन, पृ. ६-७) । कृषि पेसा नै उनीहरूका निम्ति जीवन दगुर्नु र धुलोमा खेल्नु हो । ग्रामीण जनजीवनका समस्या, अभाव र दुःखकष्टलाई भन्दा उनीहरूका व्यवसायमा रमाउने प्रवृत्ति र प्रकृतिका गतिविधिसँग घुलमेल हुने स्वभाव, परम्परामा विश्वस्त दैनन्दिन कर्मसौन्दर्य, नृत्य र सङ्गीतमय जीवनोत्सव जस्ता कुराहरूलाई विशेष महत्त्व दिन्छन् (अर्याल, २०५७, पृ. १७४) ।

देवकोटाले पहाडमा अभावै अभाव, निरक्षर, गरिबी, शिशुहरूका नाङ्गो पिडौंला र फोहरी चेहराहरूबाटै तिनीहरूका विजोग देखे । उनले बाटोमा 'एउटा भोटेनीहरूको नाच देखे, जुन बडो रमाइलो थियो । पुरुषहरूभन्दा स्त्रीहरू राम्रा, गुलाफी रङ्गका बलिया देखे । हँसिलो चेहराका, मङ्गोलियन कटका, घिउ-घिउ गन्हाउने, राता कोट र सत्रन्जीजस्ता जामा लगाएका पुड्कापुड्की ठिटीहरू थिए (पहाडी जीवन, पृ. १०) ।' भोटे गीत र मुरलीको

तालमा खुट्टा हलुका तवरले बराबर उचाल्दै झार्दै मसिनो सुरिलो स्वरमा कोरस नृत्य गर्नु नै तिनीहरूका कला र विलासको नाममा वरदान थियो । आर्थिक वैभावका रूपले तिनीहरू गरिब भए तापनि प्राकृतिक सामीप्यता र सुन्दरताको नृत्यमा बडो धनी थिए । कृत्रिमताको कुनै लेश थिएन, प्राकृतिक रूपले नाच्थे, नौला मानिस देखे मुसुमुसु हाँस्थे र बोल्थे । काममा सिपालु तामाङ्नीहरू पहाड चढ्ने र ओर्लने बानीले गर्दा नृत्यमा अभ्यस्त देखिन्थे । उनले भारतको वृन्दावन उराठ, धुलाम्मे चिच्याटलाग्दो र मोहनीहीन देखे भने नेपालको पहाड बडो सुन्दर मोहनी लाग्दो देखे (पहाडी जीवन, पृ. ११) । निबन्धकारले पहाडको झरनादार काँधमा एउटा रमाइलो कुञ्ज बने पूर्णचन्द्र उदाउँदाखेरि यिनीहरूसँग नाच्न कृष्णजी ओर्लिन्थे भन्ने भाव व्यक्त गरेका छन् । यहाँका शेर्पिनीहरू बडा राम्रा र बलिया हुन्छन् तर सफाइमा त्यति ध्यान दिँदैनन्, मैलाको वास्ता गर्दैनन् वर्षमा एकचोटि नुहायो भने शेर्पा चोखो हुन्छन् । यिनीहरू मनका सफा, सोझा र बडा साधु हुन्छन् तर रिस उठेमा सोझाको भयङ्कर क्रोध पनि देखाउँछन् ।

देवकोटाले पहाडी जीवनको वास्तविकता झिल्टुङमा देखे । चैनपुरसम्मको राम्रो बाटो त्यसपछिको उकालो र महेश खोलाको लामो रेखा तथा पहाडको रमणीय चित्रहरूसिवाय अन्य वर्णनीय थिएन । कोल्पुखोला तरेर एउटा जङ्गल चढेपछि झिल्टुङका बाहुनहरूका पहाडी बस्ती र तलतिर त्रिशूली नदीको रमणीय दृश्य देखिन्छ । एकतले ढुङ्गाका घरहरू र खरका छाना, काला ऱ्याल, रातो माटोले पोतिएका अलिक खाइलाग्दा झोपडीका ढोकाहरू बुट्टा काटेर सजाइका छन् । छाना र बारीमा पाकेका फर्सीहरू, भिराला खेतहरू, ससाना बगैँचाजस्ता बारीमा केरा, सुन्तला, भोगटे, र एक-दुई ठाउँमा लिचीका बोटहरू लगाएका छन् । आठ दश वर्षका केटाकेटी पढ्न जानुभन्दा गाई, भैँसी, गोरु, भेडा र बाख्री गोठाला जान्छन् । यहाँ शिक्षामा भन्दा कृषि पेसामा बढी जोड दिइन्छ ।

पहाडका बाहुन बाक्ला कोराका भोटा, सेतो टोपी र पटुका बाँधी घुडासम्मका धोती लगाउँछन् । छिटका राता साडी, एकआँठे कपाल बाट्ने, घुँडासम्म फरिया उचालिने गरी पटुका बाँध्ने, डोको बोकेर घाँस काट्ने र वस्तुभाउलाई खुवाउने गर्छन् । स्त्रीहरू कुचो बढार्ने, पनेराबाट पानी ल्याउने, भकारो सोहोर्ने, ढिकी चलाउने, जाँतो पिँध्ने र भात पकाउने काम गर्छन् भने लोग्ने मानिस सहर जाने नुन, तेल, कपडा, किनमेल गर्ने र घरमा रहँदा गाईभैँसीको गोठालो जान्छन् । चौतारामा वरपिपल रोप्ने तथा त्यसका छहारीमा बसेर फुर्सदमा नाच, गान गर्ने र बटुवाले आराम गर्ने सांस्कृतिक स्थानको रूपमा चित्रित गरेको छ । झिल्टुङका केटाकेटीलाई पढाइमा भन्दा कृषि कर्ममा नै ज्यादा लगाइन्छ । पहाडमा पानीको अभाव छ । एउटा सानो कुवामा ढुङ्गा रसाएर आएको पानीमा सबै गाउँले भर पर्नुपर्छ, जसको गहिराइ दुईहात पनि छैन । मानिस सिधासाधा, इमान्दार, शान्त तथा झैऋगडारहित छन् । आर्य सनातन ह्निन्दु धर्ममा श्रद्धा र भक्तिमा विश्वास गर्ने ब्राह्मणहरू गोठालो र किसानी जीवन निर्वाह गर्दछन् । खेती किसानीमा ध्यान दिनु नै यिनीहरूका आत्मसन्तुष्टिका माध्यम हुन् । यहाँ जीवन प्राकृतिक र फरासिलो विषादीरहित प्राकृतिक खानपान र झैझगडाविहीन स्वर्गका देवता झैं देखिने पहाडी समाज छन् ।

## प्राप्ति

'पहाडी जीवन' निबन्धमा देवकोटाले पहाडी समाजका विविध गतिविधि, रहनसहन, सामाजिक र सांस्कृतिक तथा आर्थिक अवस्था र तत्कालीन समाजको वास्तविक चित्रण पाइएको छ । ग्रामीण परिवेश, स्थानीय व्यवसाय, गाउँले जीवनस्तर, सांस्कृतिक रहनसहन, आचार, विचारमा विश्वास गर्छन् : टुना, मन्त्र, मोहनी, जादू, झारफुक, धामी र अन्धविश्वासमा विश्वास गर्ने समाज पाइन्छ । आर्य र मङ्गोल जातिमा पारस्परिक सहयोग र सौहार्दताको भावना देखिन्छ । पहाडका अभाव र दुःखकष्टलाई भन्दा पनि खेती किसानीमा रमाउने प्रवृत्ति र प्राकृतिक गतिविधिमा घुलमेल हुने तथा फुर्सदमा नृत्य र सङ्गीतमय जीवनयापन गर्ने संस्कृति पाइएको छ । किसानहरू

अरू तलासभन्दा पृथ्वीलाई कोर्नु, बाट्नु र सिँगार्नु, नै निको मान्दछन् । गठिलो शरीर, तन्दुरुस्ती र ऋणमुक्त जीवन नै ग्रामीण समुदायका सन्तुष्टिका मापन हुने कुरा पहाडी जीवन निबन्धमा पाइन्छ ।

## निष्कर्ष

'पहाडी जीवन' निबन्धको लेख गुणात्मक ढाँचामा तयार गरिएको छ । प्रस्तुत लेख 'लक्ष्मी निबन्ध सङ्ग्रह' को 'पहाडी जीवन' निबन्धको विश्लेषणमा मात्र सीमित गरिएको छ । पहाडी जीवनले आफूभित्र धेरै तहका सौन्दर्य र चुनौतीहरू समेटेको छ । पहाडी समसदायका मानिसहरूको दैनिक जीवन, संस्कृति, सामाजिक संरचना र उनीहरूले भोग्नु परेका विविध आयामलाई निबन्धकारले प्रस्ट देखाएका छन् । त्यहाँ बसोबास गर्ने शेर्पा, तामाङ र भोटे जातिले हिउँ र तुषारोसँग सङ्घर्ष गर्दै जीवनयापन गर्ने अटल शक्ति देखाएका छन् । पहाडी जीवन केवल प्राकृतिक सुन्दरतामा मात्र सीमित छैन । त्यहाँ त सामुदायिक भावना, परम्परा र सांस्कृतिक धरोहरमा पनि गहिरो रूपमा जडित छ । निबन्धमा पाइएको सहअस्तित्वको भावना बलियो छ, जुन सहरको तुलनामा फरक र विशेष देखिन्छ । यस निबन्धले पहाडी जीवनका विभिन्न पाटाहरूलाई उजागर गर्दै त्यसको महत्त्वलाई अझ स्पष्ट पार्ने प्रयास गरेको छ । पहाडी समुदायको साहस र ढृढताले जीवनमा धेरै कुराहरू सिकाएको छ । सुकेका झारको अस्थायी छानो भएका घर, ऋतुपरिवर्तनसँगै फिरन्ते मनुष्य चरो झैँ कहिले लेक-बेसी गर्ने अन्नपातको नाममा सिस्नु र मकैसिवाय केही उत्पादन हुने, जहाँ पोषणतत्त्वको अभावमा केटाकेटीहरू दुब्ला र मरञ्च्याँसे देखिन्छन् । स्वास्थ्य र शिक्षाको अभाव तथा आर्थिक कमजोरी र गरिबीले गर्दा शिशुहरू निरक्षर र नाङ्गो तथा फोहरी रहेका छन् तापनि त्यहाँका शेर्पेनी र तामाङ्नीहरू उकाली र ओराली गर्दा बलिया, राम्रा र गुलाफी देखिन्छन् । भोटे गीत र मुरलीको तालमा कोरस नृत्यमा राता कोट, बख्खु र पाङ्देन लगाउने संस्कृति परम्परा नै छ । झिल्टुङका बाहुनहरूका एकतले ढुङ्गाका घरहरू र खरका छाना, काला झ्याल, रातो माटोले पोत्ने गर्छन् । भिराला खेतहरू, ससाना बगैंचाजस्ता बारीमा केरा, सुन्तला, भोगटे तथा गोठमा गाई, भैँसी पाल्ने र आठ दश वर्षका केटाकेटीहरूलाई पढ्नभन्दा पनि गोठाला पठाउँछन् । त्यहाँ आफ्नै बाक्ला कोराका भोटा, नलीदार तुना, पटुका बाँध्ने, सेतो टोपी र धोती लगाउँछन् भने स्वास्नी मानिस छिटका रातो साडी, एकआँठे कपाल बाट्ने, काममा घुँडासम्म फरिया उचालिने गरी पटुका बाँध्ने, डोको बोकेर घाँस काट्ने र वस्तुभाउलाई खुवाउने गर्छन् । आर्य सनातन ह्रिन्दु धर्ममा श्रद्धा र भक्तिमा विश्वास गर्ने ब्राह्मणहरू पनि गोठालो र किसानी जीवन पहाडमा हालसम्म निरन्तर चलाइरहेका छन् ।

## सन्दर्भ-सामग्री


अधिकारी, हेमाङ्गराज (२०५९). *नेपाली भाषा शिक्षण.* (पाँचौं संस्क.). काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

अर्याल, दुर्गाप्रसाद (२०५७). *निबन्धकार देवकोटाका दार्शनिक चिन्तन,* उदय बुक्स प्रा.लि. ।

गुराल्निक, डेभिड बि. र वेबस्टारस् (१९७०). *न्यु ओर्ड डिक्सनेरी इण्डियन इडिसन.* अमेरिकन पब्लिकेसन कम्पनि प्राइभेट लिमिटेड ।

त्रिपाठी, वासुदेव र अन्य (२०५४). *नेपाली कविता भाग चार* (तेस्रो संस्क.). ललितपुर : साझा प्रकाशन ।

देवकोटा, लक्ष्मीप्रसाद (२०७९). *लक्ष्मी निबन्ध सङ्ग्रह.* बिसौं संस्करण. ललितपुर : साझा प्रकाशन ।

थापा, हिमांशु (२०५०). *साहित्य परिचय.* चौथो संस्करण. ललितपुर : साझा प्रकाशन ।

नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (२०७८). *राष्ट्रिय जनगणना २०२१ को सङ्क्षिप्त नतिजा.* राष्ट्रिय तथ्याङ्क कार्यालय ।

न्युनान, डेभिड (२०१०). *रिसर्च म्याथोड इन ल्याङ्ग्युएज लर्निङ्ग.* फस्ट साउथ एसियन इडिसन क्याम्ब्रिज युनिभर्सिटी ।

प्रधान, कृष्णचन्द्रसिंह. सम्पा.(२०५२). *साझा समालोचना.* चौथो संस्करण. ललितपुर : साझा प्रकाशन ।

प्रधान, राजनारायण (२०५२). साझा समालोचना. *लक्ष्मी निबन्धसङ्ग्रह.* सम्पा. कृष्णचन्द्रसिंह प्रधान. ललितपुर : साझा प्रकाशन ।

भण्डारी, पारसमणि र पौडेल, माधवप्रसाद (२०६१). *साहित्यशास्त्र र नेपाली समालोचना.* काठमाडौँ : क्षितिज प्रकाशन ।

लयोन्स, जोहन (सन् १९८१). *ल्याङ्ग्युएज एन्ड लिङ्ग्विस्टिक्स.* क्याम्ब्रिज युनिभर्सिटी प्रेस ।

शर्मा, केदारप्रसाद र पौडेल, माधवप्रसाद (२०६०). *नेपाली भाषा र साहित्य शिक्षण.* काठमाडौँ : न्यु हिरा बुक्स इन्टरप्राइजेज ।

शर्मा, गोपीकृष्ण (२०५५). *नेपाली निबन्ध भाग–२.* ललितपुर : साझा प्रकाशन ।